बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

मन्थली, रामेछाप

## कृषि व्यवसाय सूचीकरण तथा कृषि उपज खरिद विक्री अनुमतिपत्र लिने सम्बन्धी सूचना

सूचना नं: ०६/०८२/०८३
(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०४)

बागमती प्रदेश सरकारबाट मिति २०८२/०४/१९ गते जारी "प्रदेश कृषि विकास ऐन, २०८२" मा व्यवस्था भए बमोजिम यस कार्यालयको कार्यक्षेत्र (रामेछाप र दोलखा जिल्ला) भित्र कृषि व्यवसाय सम्बन्धी उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग जोडिएर प्रचलित कानून बमोजिम दर्ता भई व्यवसाय सञ्चालन गरिरहनुभएका व्यक्ति, कृषि समूह, कृषि सहकारी/संस्था, निजी कम्पनी तथा सम्बन्धित व्यवसायहरुले कृषि विकास कार्यालय, रामेछापमा मिति २०८२/१०/१९ गते भित्र आफ्नो व्यवसाय सूचीकरण गर्नुहुन र कृषि उपजको खरिद विक्री गर्नका लागि अनुमतिपत्र लिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सूचीकरणका लागि आवश्यक कागजातः

- कृषि व्यवसाय सूचिकृत तथा अनुमतिपत्र पाउँ भन्ने व्यहोराको निवेदन,
- संस्था दर्ता, मु.अ.कर/स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- साथै बीउबिजन व्यवसायी/उत्पादकको हकमा बीउ बिजन विक्रेता/उत्पादक अनुमतिपत्र,
- विषादी व्यवसायीको हकमा खुद्रा विषादी विक्रेता इजाजत-पत्र।

व्यवसाय संचालन, सूचीकरण र अनुमतिपत्र सम्बन्धि ऐनमा भएको व्यवस्थाः

- कुनै पनि व्यक्ति वा संस्थाले प्रदेश भित्र अनुसूची-१ मा उल्लेख भए बमोजिमका कृषि व्यवसाय संचालन गर्न सक्नेछन्।
- ऐन प्रारम्भ हुनु अघि प्रदेश भित्र संचालनमा रहेका कृषि व्यवासयहरुको हकमा यो ऐन जारी भएको मितिले ६ महिना भित्र सूचिकृत हुनुपर्नेछ।
- सूचिकृत भएका कृषि व्यवसाय वा संस्थाले कृषि उपजको खरिद विक्री गर्न अनुसूची- २ बमोजिमको निकायबाट अनुमतिपत्र लिनुपर्नेछ।
- सूचिकृत भएका कृषि व्यवसाय वा संस्थाले कृषि उपज खरिद विक्री गर्न अनुमतिपत्र लिन बुझाउनु पर्ने दस्तुरः- वार्षिक कारोबार १००० मे.टन वा सो भन्दा कम भएमा रु. २०००/- र सो भन्दा बढी भएमा रु. ४०००/- साथै बार्षिक कारोबार मे.टन मा गणना गर्न नसकिने अवस्था भएमा रु. २०००/-।

संघीय ऐन बमोजिम दर्ता भएका/अनुमति पत्र लिएका व्यवसायीहरुले समेत यस ऐनको परिधिभित्र रही सूचीकरण तथा अनुमतिपत्र लिनुपर्नेछ। प्रदेश कृषि विकास ऐन, २०८२ बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेवसाइट http://molmac.bagamati.gov.np/ र यस कार्यालयको वेवसाइट https://ramechhap.ado.gov.np/ बाट डाउनलोड गरी हेर्न सकिने छ।

०९/०८

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख